नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

(आन्तरिक प्रशासन शाखा)

पत्र सङ्ख्याः २०८३/८४
चलानी नम्बरः ८३

सिंहदरबार, काठमाडौं ।

मितिः २०८३/०४/१२
नेपाल संवत् ११४६ दिल्लाथ्व चतुर्दशी, मंगलबार

*विषयः सेवाकालीन प्रशिक्षण सम्बन्धमा ।*

श्री मातहतका निकाय सबै,
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय ।

प्रस्तुत विषयमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको च.नं. ०१ र ०२ मिति २०८३।०४।०७ को पत्रानुसार उक्त प्रतिष्ठानमा रा.प.द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि मिति २०८३।०५।०१ गते देखि ४० कार्यदिनको (ACMD3) Advanced Course on Management and Development विषयको सेवाकालीन तालिम र रा.प.तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका लागि मिति २०८३।०५।०२ गते देखि ३२ कार्यदिनको (PCMD5) Professional Course on Management and Development विषयको सेवाकालीन तालिममा सहभागी हुने सम्बन्धी पत्र यसैसाथ संलग्न छ । ईच्छुक सहभागीहरूले मिति २०८३।०४।१४ गते मध्याह्न १२:०० बजेभित्र तोकिएबमोजिम निवेदन पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

२०८३।०४।१२
(कौशल पाण्डे)
शाखा अधिकृत

**बोधार्थ तथा कार्यार्थ**
श्री सूचना प्रविधि शाखा,
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयः {मन्त्रालयको Website मा अपलोड गर्नुहुन ।}

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
**Nepal Administrative Staff College**

*"...devoted to making differences positively."*

प.सं. २-PSTD/ClsT

च.नं. ७०८३८४

मिति:२०८३/०४/०७

श्री मन्त्रालय र मातहतका निकायहरु सबै,
श्री संवैधानिक आयोगहरु सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरु सबै,
श्री सुरक्षा निकायहरु सबै।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृतहरुका** लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरुप PCMD 1, PCMD 2, PCMD 3 र PCMD 4 मा पर्न आएको दरखास्तलाई यथावत कायम राखी PCMD 5 प्रशिक्षण कार्यक्रममा अधिकृत तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएका कर्मचारीहरुबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ। आवेदनका लागि आवश्यक कागजातहरु सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ।

**आवश्यक कागजातहरु :**

- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| PCMD 5 | मिति २०८३/०५/०२ देखि ३२ कार्यदिन |
| सम्पर्क : श्री सौरभ कोइराला, ९८४६४५४४१४<br>श्री सूर्य प्रकाश बराल, ९८६६८०४७६० | Google Form Link: https://forms.gle/78sVY9G5mRwFjsNA8 |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था :**

- राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
- हालको श्रेणीमा यस प्रतिष्ठानबाट ३२ कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन्।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ। प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरुमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन्। कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ। कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ। यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ। प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ।
- प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धि जानकारी :**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ श्रावण १५ गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ श्रावण २१ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ श्रावण २६ गते

श्री आवाटे
R
४/१२

विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
**Nepal Administrative Staff College**
*"...devoted to making differences positively."*


प.सं. ०१-PSTD/CKT

च.नं. ०६०८३८४

मिति:२०८३/०४/०७

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरूको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरूका लागि** Advanced Course on Management and Development (ACMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप ACMD 1 र ACMD 2 मा पर्न आएको दरखास्तलाई यथावत कायम राखी ACMD 3 प्रशिक्षण कार्यक्रममा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएका स्थायी कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ। आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ।

**आवश्यक कागजातहरू :**

- राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृत वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| ACMD 3 | २०८३/०५/०१ देखि ४० कार्यदिने |
| सम्पर्क : श्री विशाल आचार्य, ९८६०९७४८२२ | Google Form Link: https://forms.gle/wevziepkbzviev9o6 |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था :**

- राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ।
- हालको श्रेणीमा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन्।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ। प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन्। कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ। कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ। यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ। प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ।
- प्रशिक्षण कार्यक्रमसँग सम्बन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धि जानकारी :**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ श्रावन १४ गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ श्रावन २१ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ श्रावन २६ गते

.............................
विशाल आचार्य
अध्ययन उपनिर्देशक